# इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
१ नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१५
०२५-५८२८१५
०२५-५८२१६५


प.सं.
च.नं. ६२१८

मिति २०७६/०२/३१

**बिषय :- कार्यपालिका बैठकको निर्णयको प्रतिलिपी पठाईएको ।**

श्री स्वास्थ्य तथा सामाजिक विकास महाशाखा
श्री शिक्षा, युवा तथा खेलकुद विकास महाशाखा
श्रो शहरी विकास तथा पूर्वाधार महाशाखा
श्री उपभोक्ता हित संरक्षण शाखा
श्री आन्तरिक व्यवस्थापन तथा खरिद शाखा
श्री कानूनी मामिला शाखा
श्री आर्थिक प्रशासन शाखा
श्री राजश्व प्रशासन शाखा
श्री आन्तरिक लेखापरिक्षण शाखा
श्री भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखा
श्री सहकारी तथा रोजगार प्रवर्द्धन शाखा
श्री महिला, बालबालिका तथा सामाजिक विकास शाखा
श्री विपद् व्यवस्थापन शाखा
श्री सूचना तथा संचार प्रविधि शाखा
श्री जनस्वास्थ्य प्रवर्द्धन शाखा

प्रस्तुत बिषय, यस उप महानगरपालिका नगर कार्यपालिकाको मिति २०७६।२।१९ गते बसेको बैठक संख्या ५२ का निर्णयहरु यसैसाथ संलग्न गरी तहाँको जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

०७६/२/३१

निं० प्रमुख प्रशासकीय अधिकृत

www.itaharimun.gov.np / email : itahari.municipality@gmail.com

बैठक संख्या ५२
कार्यपालिका वैठक मिति २०७६।०२।१९

निर्णय नं. १

यस उप महानगरपालिकाको आर्थिक ऐन २०७५ मा तोकिए अनुसार आगामी आ.व. २०७६/०७७ को आन्तरिक आय ठेक्का सञ्चालन गर्न देहायका शिर्षकहरुमा न्यूनतम ठेक्का अंक तोक्नु पर्ने भएकोले अघिल्लो आ.व.को ठेक्का सम्झौतामा भएको अंकमा १०% बृद्धी गरी आउने रकमलाई आ. व. २०७६/०७७ न्यूनतम ठेक्का अंक मानि र नयाँ शिर्षकहरुमा देहाय अनुसारको न्यूनतम ठेक्का अंक मानी सूचना प्रकाशन गर्नका लागी कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

| ठेक्का नं | ठेक्काको नाम | न्युनतम अंक | ठेक्का अवधि |
|---|---|---|---|
| १ | आइतवारे बुधवारे हाट | ४४,८९,२२२। | १ वर्ष |
| २ | सोमवारे शुक्रवारे हाट पकली | ३,८८,९११। | १ वर्ष |
| ३ | सोमवारे शुक्रवारे हाट पचरुखी | ३,४१,५५६। | १ वर्ष |
| ४ | मंगलवारे शनिवारे हाट जनतावस्ती | ४,८९,६२२। | १ वर्ष |
| ५ | शनीवारे हाट खनार | १७,९७,४००। | १ वर्ष |
| ६ | दैनिक गुद्रीकर तथा सोमवारे बुधवारे हाट खनार | ५,५१,१००। | १ वर्ष |
| ७ | सोमवारे विहिवारे हाट तरहरा | ५,४५,०५१। | १ वर्ष |
| ८ | एकम्वा आइतवारे हाट १५ नं. वडा कार्यालय छेउ | ३०,०००। | १ वर्ष |
| ९ | लविपुर विहिवारे हाट | १,०००००। | १ वर्ष |
| १० | वालग्राम चोक मंगलवारे हाट | १,०००००। | १ वर्ष |
| ११ | आँपगाछी सोमवारे र विहिवारे हाट | १,५०,०००। | १ वर्ष |
| १२ | पुरानचोक शनिवारे हाट | ५०,०००। | १ वर्ष |
| १३ | कान्छीचोक शुक्रवारे हाट | १,०००००। | १ वर्ष |
| १४ | हवाइ चोक शुक्रवारे हाट | १,०००००। | १ वर्ष |
| १५ | सार्वजनिक शौचालय बसपार्क | ३,३७,१५६। | १ वर्ष |
| १६ | पूर्व तर्फको सटरमा २ वटा सटरलाइ एउटा कोठा मानि जम्मा ३४ कोठाको प्रति कोठा मासिक रु.५०००.०० को दरले जम्मा | ६१,२०,०००। | ३ वर्ष |
| १७ | सौचालय ठेक्का आइतवारे बुधवारे हाट इटहरी-९ को | १,०००००। | १ वर्ष |
| १८ | सवारी पार्कीङ्ग सरसफाइ सुल्क इटहरी -९ | ८०,००,०००। | १ वर्ष |

निर्णय नं. २

साविक पकली गा.वि.स.हाल इटहरी वडा नं. १८ मा रहेको भान्से पोखरी माछा पालन ठेक्का २०७१/०१/२६ को सम्झौता अनुसार रुविया खातुन इटहरी वडा नं. १७ ले जम्मा रु ४४१५००.०० मा ५ पाँच वर्षको लागि ठेक्का सञ्चालन हुदै आएको र मिति २०७५ चैत्र मसान्तमा ठेक्का अवधि समाप्त भए पछि ठेक्का वापत तिर्नु पर्ने सम्पूर्ण रकम चुक्ता गरी पनुः ठेक्का प्रकृया अघि बढी रहेको अवस्थामा २०७६ बैशख ,

इटहरी, सुनसरी

नि० प्रमुख प्रशासकीय अधिकृत

जेष्ठ र असार सम्म ३ तीन महिनाको लागि ठेक्का सञ्चालन गर्न पाउ भनि मिति २०७६/०२/१२ दर्ता नं. २७४११ वाट निवेदन दिएकोले सो निवेदन उपर छलफल भइ राजश्व परामर्श समितिको सुझाव समेत प्राप्त भएकोले सोही अनुसार ३ तीन महिनाको लागि साविकका सर्तहरु यथावत रहनेगरी निजले सकार गरेको बार्षिक रु ४४१५०० / रकमको दामासाहीको हीसावले हुने रकम ३ महिनाको लागि रु. २२०७५/- वाइस हजार पचहत्तर अग्रीम भुक्तानी गरी ठेक्का सञ्चालन गर्न दिने निर्णय गरियो ।

## निर्णय नं. ३

इटहरी उपमहानगरपालिकाको विज्ञापन कर होर्डीङ्गवोर्ड ठेक्का सम्बन्धी यस कार्यालयको मिति २०७५/४/१६ को निर्णय अनुसार आर्थिक बर्ष २०७५/२०७६ को रु. ३६५६०००/ आ.व. २०७६/०७७ को रु. ३६६००००/ र आ.व. २०७७/०७८ को लागि रु ३७०००००/ रकम दाखिला गर्ने गरि तीन बर्षको लागि स्मार्ट सिटी सोलुशन प्रा.ली. वानेश्वर काठमाण्डौलाई ठेक्का संझौता गर्न पत्राचार गर्दा निजले विभिन्न मितिमा रु.३६,५६,०००/ नगदै यस कार्यालयको नाममा जम्मा गरेको तर बाँकी दुई आ.व.को बैंक ग्यारेन्टी पेश नगरेकोले कार्यपालिकाको मिति २०७६।०१।२९ को निर्णय नं १३ अनुसार स्मार्ट सिटी सोलुशन प्रा.ली. वानेश्वर काठमाण्डौलाई होर्डिङ्ग बोर्ड ठेक्काको २ बर्षको रु. ७३,५६,०००।- को बैंक ग्यारेन्टी २०७८।०२।१५ गते सम्म पेश गर्न अन्तिम पटकको लागि म्याद थप गरिएकोमा निजले रु ३६,६०,०००। को २०७८ असार मसान्त सम्मको दुइवर्षको म्याद भएको बैंक ग्यारेन्टी पेश गरी आ. ब २०७६।०७७ को मंसिर मसान्त सम्ममा रु ३६,६०,००० । (छत्तीस लाख साठी हजार) रकम बुझाउने र नगरपालिकाको सर्त सहितको संझौता गराइ ठेक्का संचालन गर्न माग गरी यस कार्यालयमा दिएको निवेदन उपर छलफल हुँदा आगामी आ.ब. ०७६।०७७ को निजले दाखिला गर्नु पर्ने रु. ३७,००,०००। (सैंतिस लाख रुपियां) २०७६ साल कार्त्तिक मसान्त सम्ममा नगदै दाखिल गरि तपशीलका सर्त राखि २०७६ कार्तिक मसान्त सम्मका लागी संझौता गरी कार्यादेश दिने अधिकार कार्यालयलाई दिने निर्णय गरियो ।

*तपसिल*

१. मिति २०७६ कार्तिक मसान्त सम्ममा नगद रु ३७,००,०००। (तिस लाख रुपयाँ) यस कार्यालयमा दाखिला गरेमा पुरा अवधि आव २०७७।०७८ का लागि ठेक्का सम्झौता गर्ने अन्यथा ठेक्का संझौता रद्ध गरिनेछ ।

२. एक नं.शर्त अनुसारे निजले २०७६ कार्तिक मसान्त सम्ममा रु ३७,००,०००। नबुझाएमा २०७६ कार्तिक मसान्त सम्मका लागि गरिएको संझौता रद्ध गरि कार्यालयले पुन ठेक्का आव्हानको सूचना गरि ठेक्का बन्दोवस्त गर्ने ।

३. दुई नं. शर्त पूरा नभई ठेक्का रद्ध हुने अवस्था आएमा आ.व. २०७५।२०७६ को निजले सकार गरि यस कार्यालयमा दाखिला गरेको रकम रु. ३६५६०००। असूल गर्ने र २०७६ साउन देखी पुस मसान्त सम्मको निजले आ ब ०७६।०७७ का लागि कबोल गरेको अंक रु.३६६००००। को दामासाहीले हुने ६ महिनाको रकम रु.१८३००००। निजले पेश गरेको बैंक ग्यारेण्टीबाट असूल गर्ने ।

कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं १, सुनसरी, नेपाल
स्था. २०७३

निo प्रमुख प्रशासकीय अधिकृत

४.ठेक्का रद्द भई पुनः बाँकी अवधिको लागि ठेक्का आव्हान गर्दा निजले हाल सकार गरेको अंक भन्दा कममा ठेक्का लागेमा जति रकम कम हुन्छ सो बराबरको फरक रकम निजले पेश गरेको बैंक ग्यारेन्टीवाट क्षतीपुर्ती स्वरुप नगरपालिकाले असुल उपर गरिने छ ।

५. ठेक्का रद्द भई पुनः बाँकी अवधिको लागि ठेक्का आव्हान गरि बोलपत्र खोल्दा हुने सम्पुर्ण खर्च ,ठेक्का सम्फौता नहुन्जेल सम्मको समयअवधिको निजले सकार गरेको बार्षिक रकमको दामासाहीले हुने रकम निजले पेश गरेको बैंक ग्यारेन्टीवाट क्षतीपुर्ती स्वरुप कट्टा गरि नगरपालिकाले असुल उपर गरिने छ ।

**निर्णय नं.४**

इटहरी उपमहानगरपालिकाको भवन निर्माण सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को दफा ९ च मा नामसारी र इजाजत नामसारीको व्यवस्था भएको तर इजाजत लिएको घरको नामसारी सहित निर्माण सम्पन्न दिने व्यवस्थाका सम्बन्धमा स्वत प्रावधान नरहेको तर भवन निर्माण सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ को भावना र मर्म अनुरुप साविक जग्गाधनीले निर्माण इजाजत लिएको घर राजिनामा, नामसारी, अदालतको निर्णयबाट भएको मालपोतको दा.ख. वा अंशबण्डा लगायतमा घर उल्लेख भई आएको रहेछ भने हाल जग्गा धनीबाट नामसारी दस्तुर लिई नामसारी सहित निर्माण सम्पन्न प्रमाण पत्र दिने तर साविक जग्गाधनिले निर्माण इजाजत लिएको घर राजिनामा, नामसारी, अदालतको निर्णयबाट भएको मालपोतको दा.ख. वा अंशबण्डा लगायतमा घर उल्लेख नभई आएको रहेछ भने हाल जग्गा धनीबाट छुट भएको घरको राजश्व वडा कार्यालयको सिफारीसमा मालपोत कार्यालयमा दाखिला भई सोको सक्कल रसिद र मालपोत कार्यालयको पत्र समेत संलग्न भई आएमा हाल घर धनीबाट नामसारी दस्तुरमा थप २ (दुई) प्रतिशत जरिवाना लिई नामसारी सहित निर्माण सम्पन्न दिने निर्णय गरियो ।

**निर्णय नं.५**

प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी सो कार्यक्रमका रोजगार संयोजक श्री सन्देश पौडेलज्यूबाट अभिमुखिकरण सहितको प्रस्तुतीकरण सम्पन्न भयो । सो अनुरुप आ-आफ्ना वडामा कार्यक्रम संचालन गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन गर्ने र वडा समितिको निर्णय वमोजिम माग भई आएका कार्यक्रमहरु सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

हाल देखिएको वायु प्रदुषणलाई नियन्त्रण गर्नको लागि विश्व वातावरण दिवश ५ जुनका दिन सभ्य तथा भव्य रुपमा **"स्वच्छ वायु, स्वस्थ्य जीवन"** नाराको साथ मनाउनको लागि प्रत्येक वडा कार्यालयलाई संकेत नं. ३११५७ को खर्च शिर्षक बन तथा वातावरण संरक्षणको उप शिर्षक "रोपिएको बिरुवाहरु ट्रिमीङ कार्यक्रमबाट" रु. २०,०००।- (बीस हजार) का दरले बृक्षरोपण तथा बिरुवा खरिदका लागि खर्च गर्न स्वीकृत दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिकाको योजना संचालन कार्यविधि, २०७५ मा योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम दिन म्याद जेष्ठ १५ सम्म मात्र भएकोमा उक्त सम्झौता गर्ने अन्तिम म्याद आगामी २०७६ जेष्ठ मसान्त सम्म कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

इटहरी उपमहानगरपालिका वडा नं. १ का वडाध्यक्ष श्री बिष्णुलाल चौधरी अस्वस्थ भई औषधी उपचार गरिरहनु भएकोमा उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै कार्यपालिकाका सम्पूर्ण सदस्यहरुको दुई वटा बैठक बराबरको बैठक भत्ता निजलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

इटहरी उपमहानगरपालिकाको चालु आ.ब. २०७५।०७६ मा हाल सम्म भए गरेको प्रगतिका बिषयमा प्रगति समिक्षा बैठक तथा आगामी आ.व.०७६।०७७ को वजेट निति तथा कार्यकमको पुर्वतयारी तथा सुझाव सम्वन्धी छलफल कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिकाबाट आ.ब. २०७५/७६ मा व्यवसाय करको लागि दिईदै आएको कर छुट आगामी २०७६ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

मिति २०७६।०१।२५ गते वसेको कार्यपालिका वैठक निर्णय नं.१५ अनुसार अर्धकुम्भ मेलाका लागि बराहक्षेत्र नगरपालिकालाई रु. ३,००,०००। (तिन लाख मात्र) दिने निर्णय भई उक्त रकम अर्धकुम्भ मेला मुल समारोह समिति, वराहक्षेत्रलाई पेश्की उपलब्ध गराएकोले सो अनुमोदन गरी उक्त रकमको विल भरपाई पेश भए पछी पेश्की फछ्र्योट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

स्थानीय तहको आन्तरिक आय ठेक्का बन्दोबस्तीका लागि बोलपत्र, दरभाउपत्र तथा डाक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता रकम र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु उपमहानगरपालिकाबाट पारित आर्थिक ऐन, २०७५ मा व्यवस्था नभएकोले अर्को व्यवस्था नभए सम्म साविकको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ (संशोधन समेत) लाई आधार मानि आन्तरिक आय ठेक्का बन्दोबस्त गर्न कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत